विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८०/०२/२१ मा बसेको बैठकको एजेन्डा र निर्णयहरू:-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | चालु आ.व.२०७९/०८० को भौतिक पूर्वाधार प्रगति अवस्था सम्बन्धमा। | चालु आ.व.२०७९/०८० मा विराटनगर महानगरपालिकाबाट भए/गरेका भौतिक पूर्वाधार विकासतर्फको हालसम्मको कार्य प्रगति विवरण उपर छलफल गरियो। |
| २ | चालु आ.व.२०७९/०८० को आर्थिक अवस्था सम्बन्धमा। | चालु आ.व.२०७९/०८० को विराटनगर महानगरपालिकाको हालसम्मको आय-व्यय विवरण सहितको आर्थिक अवस्था पेश भई सो सम्बन्धमा छलफल गरियो। |
| ३ | आगामी आ.व.२०८०/०८१ को बजेट सीमा निर्धारण सम्बन्धमा। | विराटनगर महानगरपालिकाको आगामी आ.व.२०८०/०८१ को बजेटको सन्दर्भमा प्रस्तावित सीमा निर्धारण एवम् मार्गदर्शनको सम्बन्धमा अर्को बैठकमा थप छलफल गरी आवश्यक निर्णय गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ४ | कार्यक्रम (मष्तिस्क पक्षघात शिशु स्याहार केन्द्र सञ्चालन) संशोधन सम्बन्धमा। | विराटनगर महानगरपालिकाको चालु आ.व.२०७९/०८० को नीति, कार्यक्रम तथा बजेट किताबको पाना नं.२१५ क्र.सं.२७२ मा मष्तिस्क पक्षघात शिशु स्याहार केन्द्र सञ्चालन शीर्षकमा रु.३,००,०००।- रकम विनियोजित भएकोमा उक्त शीर्षकलाई आगामी नगर सभाबाट अनुमोदन हुनेगरी संशोधन गरेर मष्तिस्क पक्षघात स्वावलम्बन समूह नेपाल शीर्षक कायम गरी विनियोजित रकम खर्च गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ५ | विविध। | (क) विराटनगर महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी सम्हाल्न हालै सरुवा भई आउनुभएका श्री राजेन्द्र पराजुलीलाई स्वागत गरियो।<br>(ख) विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०९/२६ मा बसेको बैठकबाट विराटनगर महानगरपालिकाको नाममा दर्ता कायम रहेको र तारिणीप्रसाद कोइराला स्मृति सञ्चारग्राम निर्माण भएको विराटनगर ४, खारजी (साविक कञ्चनबारी १-क) स्थित जग्गा रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) र विराटनगर महानगरपालिकाबीच भएको समझदारी बमोजिम उक्त जग्गा सञ्चारग्रामलाई नियमानुसार हस्तान्तरणका लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमार्फत नेपाल सरकारसँग सहमति माग गर्ने निर्णय भएकोमा उल्लिखित जग्गाको कित्ता नं. फरक पर्न गएको र सो सम्बन्धमा नेपाल सरकारबाट हालसम्म कुनै प्रतिक्रिया प्राप्त समेत नभएकोले जग्गाको कित्ता नं. ९३२ र ९३४ कायम गरी जम्मा क्षेत्रफल ०-६-१८-० (बिघा) जग्गा उक्त सञ्चारग्रामलाई हस्तान्तरणका लागि ताकेतासहित पूनः सहमति माग गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

अर्जुन थपलिया
अधिकृतस्तर आठौं

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | (ग) नेपाल सरकारबाट तराई-मधेश समृद्धि कार्यक्रम अन्तर्गत महानगरपालिका क्षेत्रभित्रका विभिन्न स्थानमा सडक तथा भवन निर्माणका लागि बजेट विनियोजन भइआएको र यस महानगरपालिकाको शहरी पूर्वाधार निर्माण कार्यविधि एवम् योजना अनुगमन तथा सुपरीवेक्षण मापदण्ड, २०७९ अनुसार रु.२० लाखभन्दा बढी लागतका योजनाहरू ठेक्का प्रक्रियामार्फत सञ्चालन गर्नु/गराउनुपर्नेमा आर्थिक वर्षको अन्त्यतिर बजेट विनियोजन भएकोले ठेक्का प्रक्रियामार्फत योजना कार्यान्वयन गर्दा/गराउँदा प्रक्रियागत समय धेरै लाग्ने भई कार्य सम्पन्न गर्न समय पर्याप्त नहुने भएको हुँदा उल्लिखित कार्यक्रम अन्तर्गतका योजनाहरूको निर्माण कार्य उपभोक्ता समितिमार्फत गर्ने/गराउने मिति २०८०/०१/२५ को कार्यालयको निर्णयलाई सर्वसम्मतिले अनुमोदन गरियो।<br><br>(घ) विराटनगर महानगरपालिका वडा नं.७, स्थित नेपाल रेडक्रस सोसाइटी, मोरङ जिल्ला शाखाले उक्त सोसाइटीको स्वामित्वमा रहेका बनिसकेका पुराना भवनहरूको नियमानुसार लाग्ने नक्सा पास दस्तुर मिनाहाको लागि निवेदन पेश गरेको हुँदा उक्त संस्था मानवीय विपत्ति र पीडाको रोकथाम, न्यूनीकरण, निवारण, मानव जीवन र मर्यादाको संरक्षण, स्वयंसेवा एवम् सामुदायिक विकास तथा जनकल्याणको क्षेत्रमा महत्वपूर्ण कार्य गरिरहेको गैह्रनाफामूलक सामाजिक संस्था भएकोले आगामी नगर सभाबाट अनुमोदन हुनेगरी सो संस्थाको भवनका वहालमा रहेका सटर/कोठा/भवन बाहेकका क्षेत्रको नक्सा पास दस्तुर मिनाहा गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ङ) कार्यस्थलको वातावरण सुरक्षित, स्वच्छ, मर्यादित र लैङ्गिकमैत्री बनाउने एवम् कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहारबाट पीडितलाई संरक्षण गर्ने उद्देश्य अनुरुप "विराटनगर महानगरपालिकाको यौनजन्य दुर्व्यवहार (निवारण) आचारसंहिता, २०८०" को मस्यौदा स्वीकृत गरी लागू गर्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

अर्जुन थपलिया
अधिकृतस्तर आठौं

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल